शिक्षा बोर्डले आफ्ना कार्यक्रम र क्रियाकलापहरूमा जाति, वर्ण, राष्ट्रियता, लिङ्ग (लैङ्गिक झुकाव र लैङ्गिक पहिचानसहित), अपाङ्गता, उमेर, धर्म, सैन्य स्थिति, वंश, आनुवंशिक जानकारी (सामूहिक रूपमा, "संरक्षित वर्ग") वा कुनै अन्य कानुनी रूपमा संरक्षित वर्गको आधारमा भेदभाव गर्दैन। त्यसर्थ, हाम्रा कार्यक्रमहरूमा निष्पक्ष र समान पहुँच सुनिश्चित गर्नका लागि, बटलर टेक (Butler Tech) कार्यक्रमहरूमा विद्यार्थीको स्वीकृति लटरी चयन र स्थान नियोजन प्रक्रियामार्फत गरिने छ।लटरी चयन प्रक्रिया फेब्रुअरी 2024 मा स्थलगत रूपमा बटलर टेक क्याम्पसमा हुने छ।

# आवेदन र योग्यता

*विद्यार्थीहरूले उनीहरूलाई ल्याब कार्यक्रममा स्वीकृत गरेपछि उनीहरू बटलर टेकमा एक, दुई वा तीन वर्षसम्म उक्त कार्यक्रममा रहने अपेक्षित गरिने छ भन्ने कुरा बुझ्न महत्त्वपूर्ण छ। कार्यक्रममा भाग लिइसकेपछि, असाधारण परिस्थितिहरूमा बाहेक अरू बेला स्वीकृत भएपछि विद्यार्थीले कार्यक्रम परिवर्तन गर्न पाउने छैनन्।*

## आवास आवश्यकता

### करियर टेक्निकल डिस्ट्रिक रेसिडेन्सीभित्र

बटलर टेक कार्यक्रममा सहभागी हुन विद्यार्थी ओहायो (Ohio) को बासिन्दा हुनु पर्ने छ। ओहायो राज्यमा र बटलर काउन्टी वा नर्थवेस्ट लोकल (Northwest Local) स्कूल डिस्ट्रिक्ट भित्र बस्ने सबै विद्यार्थीहरू जसले बटलर टेकमा आवेदन दिन्छन् उनीहरू लटरी छनोटको लागि आवेदन दिन योग्य छन् र आवासीय योग्यताको लागि समीक्षा गरिनेछ।

### आउटसाइड करियर टेक्निकल डिस्ट्रिक रेसिडेन्सीभित्र - खुला आवेदन र स्थान नियोजन

करियर टेक्निकल प्लानिङ डिस्ट्रिकबाहिर बस्ने ओहायो राज्यका कुनै पनि विद्यार्थीले मार्च 1, 2024 देखि सुरु हुने कार्यक्रममा आवेदन दिन सक्छन्। यदि कार्यक्रम स्थान नियोजनका लागि खुला गरिएको छ भने, बटलर टेक नामाङ्कन टोलीले समीक्षाका लागि विद्यार्थीको ट्रान्सक्रिप्टको माग्ने छ। ट्रान्सक्रिप्ट प्राप्त भएर समीक्षा भएसँगै क्रेडिट योग्यताका लागि प्रमाणीकरण भएसँगै, विद्यार्थीले उनीहरूले छनोट गरेका कार्यक्रमको अफर प्राप्त गर्ने छन्।

# क्रेडिट योग्यता आवश्यकता

## 3-वर्षे कार्यक्रमहरू

यो क्रेडिट योग्यता नीति बटलर टेकमा कुनै पनि 3-वर्षे पाथवे कार्यक्रममा आवेदन दिने सबै 9 ग्रेडका विद्यार्थीहरूमा लागू हुन्छ।

- विद्यार्थीले मङ्गलवार, जनवरी 31, 2024 भन्दा अघि आफ्नो हालको होमस्कूलबाट बटलर टेक नामाङ्कन टोलीमा पेश गरेको हालको ट्रान्सक्रिप्ट अनिवार्य रूपमा आवेदन गर्नुपर्छ।
- उक्त 2023 सेमेस्टर ट्रान्सक्रिप्टले ***हालको 9 ग्रेडका विद्यार्थीको*** रूपमा एक (1) पूरा सेमेस्टरको साथ आफ्नो स्थिति देखाउनुपर्छ र अगस्ट 2024 मा सुरु हुने उनीहरूको सोफोमोर वर्षमा प्रवेश गर्दै छ, जुन उनीहरूको हाइ स्कूलको ***तेस्रो सेमेस्टरको*** सुरुवात हुने छ।
- लटरी योग्यताका लागि, विद्यार्थीहरूले जनवरी 31, 2024 सम्ममा मुख्य विषय पाठ्यक्रमहरूमा (स्वास्थ्य र शारीरिक शिक्षा (Physical Education, PE) क्रेडिटबाहेक) एक (1) भन्दा बढी क्रेडिटको कमी हुनुहुँदैन, जुन उनीहरूको ट्रान्सक्रिप्टमार्फत प्रमाणित गरिने छ।विद्यार्थीको ग्रेड स्तर र क्रेडिट योग्यता होम स्कूल डिस्ट्रिक्टद्वारा निर्धारण गरिन्छ।

## 2-वर्षे कार्यक्रमहरू

यो क्रेडिट योग्यता नीति बटलर टेकमा कुनै पनि 2-वर्षे पाथवे कार्यक्रममा आवेदन दिने सबै 10 ग्रेडका विद्यार्थीहरूमा लागू हुन्छ।

- विद्यार्थीले मङ्गलवार, जनवरी 31, 2024 भन्दा अघि आफ्नो हालको होमस्कूलबाट बटलर टेक नामाङ्कन टोलीमा पेश गरेको हालको ट्रान्सक्रिप्ट अनिवार्य रूपमा आवेदन गर्नुपर्छ।
- उक्त 2023 सेमेस्टर ट्रान्सक्रिप्टले ***हालको 10 ग्रेडका विद्यार्थीको*** रूपमा एक (3) पूरा सेमेस्टरको साथ आफ्नो स्थिति देखाउनुपर्छ र अगस्ट 2024 मा सुरु हुने उनीहरूको सोफोमोर वर्षमा प्रवेश गर्दै छ, जुन उनीहरूको हाइ स्कूलको ***पाँचौँ सेमेस्टरको*** सुरुवात हुने छ।
- लटरी योग्यताका लागि, विद्यार्थीहरूले जनवरी 31, 2024 सम्ममा मुख्य विषय पाठ्यक्रमहरूमा (स्वास्थ्य र शारीरिक शिक्षा क्रेडिटबाहेक) दुई (2) भन्दा बढी क्रेडिटको कमी हुनुहुँदैन, जुन उनीहरूको ट्रान्सक्रिप्टमार्फत प्रमाणित गरिने छ। विद्यार्थीको ग्रेड स्तर र क्रेडिट योग्यता होम स्कूल डिस्ट्रिक्टद्वारा निर्धारण गरिन्छ।

# सिनियर अन्ली (Senior Only) कार्यक्रमहरू

- विद्यार्थी आवेदकहरू **<u>हालको जुनियरहरू</u>** हुनुपर्दछ जसले अगस्ट 2024 मा सुरु हुने आफ्नो सिनियर वर्षमा प्रवेश गर्ने छन्।
- सिनियरको रूपमा, बाँकी मुख्य विषय पाठ्यक्रमहरू अङ्ग्रेजी र गणित हुनुपर्छ। विद्यार्थीलाई उनीहरूको होम स्कूलमा उनीहरूको सिनियर वर्षको अवधिमा ती मुख्य कक्षाहरूमा भर्ना गरिनुपर्छ। विद्यार्थीहरूले छिट्टै स्नातक गर्ने निर्णय गरेमा उनीहरूले सिनियर अन्ली ल्याबमा भाग लिन सक्दैनन्।
- विद्यार्थीको होम स्कूल परामर्शदाताले मङ्गलवार, जनवरी 31, 2024 सम्ममा विद्यार्थीको स्नातक पाथवे योजना पूरा गरी साइन अफ गर्नुपर्छ।
- बटलर टेक नामाङ्कन टोलीले जुन 2024 मा तपाईंको जुनियर वर्षको अन्त्यमा अतिरिक्त ट्रान्सक्रिप्ट समीक्षा सञ्चालन गर्ने छ। अयोग्य मानिएका विद्यार्थीहरू जारी राख्न पाउने छैनन्।

# क्रेडिट योग्यता र समर स्कूल अवसरहरू

क्रेडिट योग्यता बटलर टेकमा विद्यार्थी नामाङ्कनको एक महत्त्वपूर्ण हिस्सा हो। किनभने एक प्रयोगशालाले दिनको आधा समय लिन्छ, विद्यार्थीसँग अभाव क्रेडिटहरू बनाउनको लागि अतिरिक्त समय हुँदैन। यसले विद्यार्थीलाई समयमै स्नातक गर्न नसक्ने जोखिममा राख्छ। यस कारणले गर्दा, बटलर टेक नामाङ्कन टोलीले विद्यार्थीको क्रेडिट योग्यता अगस्ट 2024 सम्म अनुगमन गर्न जारी राख्ने छ ताकि एक विद्यार्थी विद्यालय वर्षको सुरुसम्ममा कार्यक्रममा जारी राख्न योग्य छ भनी सुनिश्चित गर्न सकिन्छ। नामाङ्कन विशेषज्ञले विद्यालयको पहिलो दिनअघि कुनै पनि अन्तिम स्थान नियोजनका निर्णयहरूका बारेमा अभिभावक र विद्यार्थीहरूलाई सूचित गर्ने छ।

# 2024-2025 बटलर टेक लटरी चयन र स्थान नियोजन प्रक्रिया

***यसमा कोलेरिन (Colerain), नर्थवेस्ट र ह्यामिल्टन (Hamilton) करियर एण्ड टेक्निकल सर्टिफिकेट (Career and Technical Certificate, CTC) कार्यक्रमहरूसहित सबै बटलर टेक हाइ स्कूल क्याम्पस र साइटहरू समावेश छन्।***

## 10 ग्रेड करियर एक्सप्लोरेसन एकेडेमीका लागि प्राथमिकताका आधारमा स्थान नियोजन

10 ग्रेड करियर एक्सप्लोरेसन एकेडेमीका विद्यार्थीहरूले लटरी चयन प्रक्रिया सुरु हुनुअघि आफ्नो रोजाइको दुई वर्षो पाथवेम प्राथमिकताको स्थान नियोजन प्राप्त गर्छन्। विद्यार्थीहरूले जनवरी 31, 2024 सम्म आफ्नो अन्तिम कार्यक्रम चयन गर्नुपर्छ भन्ने कुरा ध्यानमा राख्न महत्त्वपूर्ण छ। विद्यार्थीहरूले यो मितिपछि परिवर्तन गर्न छनोट गरेमा, उनीहरूको स्थान नियोजन बटलर टेकको सामान्य लटरी प्रक्रियामार्फत निर्धारण गरिने छ। कृपया जनवरी 31 पछि उनीहरूको प्रारम्भिक रूपमा चयन गरिएको कार्यक्रममा परिवर्तनको अनुरोध गर्दा प्राथमिकताको स्थिति स्वचालित रूपमा गुम्ने छ भन्ने कुरा थाहा पाउनुहोस्। बटलर टेकले स्थान नियोजनको ग्यारेन्टी गर्न सक्दैन। योग्यता कायम राख्नका लागि, विद्यार्थीहरूले उनीहरूको जुनियर वर्षको सुरुमा मुख्य कक्षाहरूमा स्वास्थ्य र शारीरिक शिक्षाबाहेक दुई (2) भन्दा बढी क्रेडिटहरू कम हुनुहुँदैन।

## सिन्सिनाटी राज्यमा 10ं ग्रेड व्यापार/सूचना प्रविधि (Information technology, IT) एकेडेमीका लागि प्राथमिकता चयन

10 ग्रेड व्यापार/सूचना प्रविधि एकेडेमीका विद्यार्थीहरूसँग दुई वटा पाथवेमध्ये एउटामा प्राथमिकतामा नामाङ्कनको अवसर छ: सिनसिनाटी राज्यमा व्यापार/आईटि कार्यक्रम विद्यार्थीहरूले जनवरी 31, 2024 सम्म आफ्नो कार्यक्रम छनोटलाई अन्तिम रूप दिनुपर्छ। यदि विद्यार्थीहरूले कुनै अन्य कार्यक्रममा भर्ना हुन छनौट गरेमा, तिनीहरूको नियुक्ति बटलर टेकको सामान्य लटरी प्रक्रिया मार्फत निर्धारण गरिनेछ। बटलर टेकले स्थान नियोजनको ग्यारेन्टी गर्न सक्दैन। योग्यता कायम राख्नका लागि, विद्यार्थीहरूले उनीहरूको जुनियर वर्षको सुरुमा मुख्य कक्षाहरूमा स्वास्थ्य र शारीरिक शिक्षाबाहेक दुई (2) भन्दा बढी क्रेडिटहरू कम हुनुहुँदैन।

## लटरी चयन र स्थान नियोजन प्रक्रिया

विद्यार्थीहरूले पहिलो, दोस्रो, तेस्रो र चौथो छनोटको रूपमा तोकिएका चार कार्यक्रमहरूसम्म चयन गर्न सक्छन्। एक पटक लटरी नम्बर तोकिएपछि, बटलर टेकले आफ्नो पहिलो रोजाइका कार्यक्रमहरूमा सकेसम्म धेरै विद्यार्थीहरू राख्ने प्रयास गर्ने छ। बटलर टेक नामाङ्कन टोलीले विद्यार्थीहरूलाई क्षमता र उपलब्धताको आधारमा कार्यक्रमहरूमा राख्न जारी राख्ने छ। दोस्रो, तेस्रो वा चौथो छनोटहरूलाई विचार गरिने छैन जबसम्म सबै विद्यार्थी-योग्य आवेदकहरूलाई उनीहरूको पहिलो छनोटको लागि विचार गरिँदैन।

## स्थान नियोजनको प्रस्ताव अस्वीकार गर्ने

प्रारम्भिक स्थान नियोजनको प्रस्तावमा, विद्यार्थीहरूले उनीहरूको प्रस्तावित कार्यक्रम स्थान नियोजनमा स्थान स्वीकार गर्न वा अस्वीकार गर्न पाँच (5) दिन पाउने छन्। कुनै विद्यार्थीले प्रस्ताव गरिएको पहिलो रोजाइको स्थान नियोजन अस्वीकार गरेमा, नामाङ्कन टोलीले आमाबुवा/अभिभावकलाई फोन वा इमेलमार्फत जानकारी गराउन र विद्यार्थीको पहिलो रोजाइको स्थान नियोजन अस्वीकार गर्ने अनुरोध पुष्टि गर्ने छ। कुनै विद्यार्थीले दोस्रो, तेस्रो वा चौथो छनोट प्रस्ताव अस्वीकार गर्छ भने, उनीहरूको उच्च प्राथमिकता कार्यक्रमको सुरुवात उपलब्ध नभएसम्म उनीहरू प्रतीक्षा सूचीमा रहने छन्।

## प्रतीक्षा सूचीको स्थिति

उच्च खोजी गरिएका कार्यक्रमहरू 1 राउन्ड स्थान नियोजनपछि क्षमतामा पुग्ने सम्भावना हुन्छ र विद्यार्थीहरूलाई अर्को सूचना नभएसम्म प्रतीक्षा सूचीमा राखिने छ र "प्रतीक्षा सूचीको स्थिति" शीर्षकको सूचना प्राप्त हुने छ। आवेदन खुल्दा विद्यार्थी आफ्नो आवेदनमा छनोट क्रममा कार्यक्रम उपलब्धताका लागि प्रतीक्षा सूचीमा रहने छ। नामाङ्कन टोलीले आमाबुवा र विद्यार्थीहरूलाई स्थान नियोजनका प्रस्तावहरूका लागि उनीहरूको पालो आउँदा सीधै सम्पर्क गर्ने छ।

## खुला कार्यक्रममा स्थान नियोजनको स्थिति

लटरी प्रक्रिया समाप्त भएपछि र सबै योग्य विद्यार्थीको स्थान नियोजन फाइनल भइसकेपछि, सबै कार्यक्रमहरू भरेर बन्द नभएसम्म कुनै पनि बाँकी कार्यक्रम खोल्नका लागि खुला आवेदन प्रक्रिया हुने छ। आवेदन प्रणाली मार्च 1, 2024 देखि पुनः खुल्ने छ। यसले क्रेडिट योग्यता पूरा गरेका वा जनवरी 31, 2024 आवेदन दिन छुटाएका वा ओहायो राज्यमा तर बटलर टेक करियर टेक्निकल प्लानिङ डिस्ट्रिकबाहिर बस्ने विद्यार्थीहरू, आदिलाई पहिलो आउने पहिलो-सेवा

स्थान नियोजनमा गैर-प्रतीक्षित कार्यक्रमहरूका लागि अनुमति दिने छ। यदि होइन भने, विद्यार्थीलाई एउटा चयन गरिएको कार्यक्रमसम्मको प्रतीक्षासूचीमा थपिने छ र त्यहाँ खोलिएको छ भने नामाङ्कन टोलीले सम्पर्क गर्ने छ।

**ल्याब अन्ली (Lab Only) विकल्पहरू**

ल्याब अन्ली विकल्पहरू निश्चित परिस्थितिहरूमा उपलब्ध हुन सक्छन् र कार्यक्रमको आधारमा विभिन्न समयसीमा लागू हुने भएकाले प्रत्येक अवस्थाका आधारमा समीक्षा गरिने छ। थप जानकारीका लागि, कृपया नामाङ्कन विशेषज्ञलाई सम्पर्क गर्नुहोस्।

# विशेष शिक्षा सेवा

विद्यार्थीले बटलर टेक आवेदन प्रक्रिया पूरा गरेपछि र बटलर टेक कार्यक्रममा स्वीकृत भएपछि, स्वीकृतिको सूचना आमाबुवा/विद्यार्थीलाई पठाइने छ। विद्यार्थीले कार्यक्रम प्रस्ताव स्वीकार गरेपछि, नामाङ्कन टोलीले अन्तिम रूप दिएसँगै सम्बन्धित विद्यालयलाई सबै स्वीकृत विद्यार्थीहरूका बारेमा सूचित गरिने छ।

प्रत्येक आवेदनमा निम्न कथन छ जुन पेश गर्नुअघि जाँच गरिनु पर्छ:

व्यक्तिकृत शिक्षा कार्यक्रममा विद्यार्थीहरूका लागि अन्तिम स्थान नियोजनका निर्णयहरू व्यक्तिकृत शिक्षा कार्यक्रम टोलीले स्थान नियोजन उपयुक्त छ भनी सुनिश्चित गर्नका लागि गर्ने छ। व्यक्तिकृत शिक्षा कार्यक्रमको बैठक वसन्त ऋतुमा हुने छ। यसका साथै, बटलर टेकमा उनीहरूको नामाङ्कनलाई समर्थन गर्न उनीहरूको योजनामा परिवर्तनहरू आवश्यक छ कि छैन भनेर निर्धारण गर्न खण्ड 504 योजनामा विद्यार्थीहरूका लागि बैठक तय गर्न सकिन्छ। "

छनोटपछि, विद्यार्थीले स्थान नियोजनको सूचना प्राप्त गर्छ भने, निम्न हुने छ:

"विशेष शिक्षा सेवाहरू प्राप्त गर्ने विद्यार्थीहरूका लागि, स्वीकृत विद्यार्थी र उनिहरूका अभिभावकका साथै होम डिस्ट्रिक्ट, बटलर टेकका प्रतिनिधिहरूसँग तपाईंको हाइ स्कूलमा यस वसन्त ऋतुमा व्यक्तिकृत शिक्षा कार्यक्रमको बैठक बोलाइने छ। यस बैठकको उद्देश्य उपयुक्त सेवा, आवास र स्वीकृत कार्यक्रम र नयाँ शैक्षिक सेटिङसँग सम्बन्धित सहायता विचार गर्नु हुने छ। कृपया क्रेडिट योग्यता निर्धारण गर्न सबै विद्यार्थीहरूको लागि वर्षको अन्त्यको ट्रान्सक्रिप्टहरू समीक्षा गरिने छ भन्ने कुरा थाहा पाउनुहोस्।

"504 योजना भएका विद्यार्थीहरूका लागि, स्वीकृत विद्यार्थी र उनिहरूका अभिभावकका साथै होम डिस्ट्रिक्ट, बटलर टेकका प्रतिनिधिहरूसँग तपाईंको हाइ स्कूलमा बैठकको लागि अनुरोध गर्न सकिन्छ। यस बैठकको उद्देश्य बटलर टेकमा उनीहरूको नामाङ्कनलाई समर्थन गर्न योजनामा परिवर्तनहरू आवश्यक छ कि छैन भनेर निर्धारण गर्नु हो। कृपया क्रेडिट योग्यता निर्धारण गर्न सबै विद्यार्थीहरूको लागि वर्षको अन्त्यको ट्रान्सक्रिप्टहरू समीक्षा गरिने छ भन्ने कुरा थाहा पाउनुहोस्।

# मेकाटोनिक्स आवेदन र स्थान नियोजनका आवश्यकता

यस कार्यक्रममा नामाङ्कित विद्यार्थीहरू पनि सिन्क्लेयर (Sinclair) कलेजमा नामाङ्कित हुने छन् र कलेज क्रेडिट(हरू) प्राप्त गर्न सक्छन्।

**सिन्क्लेयर कलेज करियर कन्भर्सन प्रोग्राम (**Career Conversion Programme, CCP) **आवश्यकताहरूसँग साझेदारीमा, विद्यार्थीले:**

- जनवरी 31, 2024 सम्म बटलर टेकको आवेदन पूरा गर्नुपर्छ
- सिन्क्लेयर कलेजमा दर्ता गर्नुपर्छ **र** टार्टन (Tartan) पहिचान कार्ड (Identification Card, ID) नम्बर र सिन्क्लेयर प्रयोगकर्ता नामा प्राप्त गर्नुपर्छ
- अङ्ग्रेजीका लागि: अङ्ग्रेजीमा अमेरिकन कलेज टेस्ट (American College Test, ACT) स्कोर 18 वा अङ्ग्रेजीमा स्कलस्टिक एप्टिट्युड टेस्ट (Scholastic Aptitude Test, SAT) स्कोर ≥ 480 हुनुपर्छ वा अङ्ग्रेजीमा सिन्क्लेयरको

ACCUPLACER प्लेसमेन्ट टेस्टमा कलेज-रेडी स्कोर र अन्तिम दुई हाइ स्कूल अङ्ग्रेजी क्रेडिटहरूमा कम्तीमा 2.75 र B औसतको 5 वा हाइ स्कूल ग्रेड पोइन्ट एभरेज (Great Point Average, GPA) प्राप्त गरेको।
- गणितका लागि: गणितमा अमेरिकन कलेज टेस्ट स्कोर 22 वा गणितमा स्कलस्टिक एप्टिट्युड टेस्ट स्कोर ≥ 530 हुनुपर्छ वा गणितमा सिन्क्लेयरको एसेसमेन्ट एण्ड लर्निङ इन नलेज स्पेसेस (Assessment and Learning in Knowledge Spaces, ALEKs) प्लेसमेन्ट टेस्टमा कलेज-रेडी स्कोर र अन्तिम दुई हाइ स्कूल गणित क्रेडिटहरूमा कम्तीमा 2.75 र B औसतको 31 वा हाइ स्कूल ग्रेड पोइन्ट एभरेज प्राप्त गरेको।

लटरी स्थान नियोजन र छनोट प्रक्रियापछि स्थान नियोजनको योग्यता प्रमाणित हुन्छ। सबै आवेदकहरूसँग स्थान नियोजनका लागि योग्य हुन मे 31, 2024 सम्म हुने छ। योग्यता आवश्यकताहरू पूरा नगर्ने विद्यार्थीहरूले आफ्नो दोस्रो छनोट कार्यक्रममा पूर्वनिर्धारित हुने छन् जबसम्म लटरी समाप्त भएपछि त्यहाँ खुल्छन्; अन्यथा, विद्यार्थीलाई उनीहरूको अर्को कार्यक्रम नखुलेसम्म प्रतीक्षा सूचीमा राखिने छ।कृपया osbornep@butlertech.org मा Penny Osborne, बटलर टेक मेकाट्रोनिक्स काउन्सिलर वा 513-645-8211 मा कल गर्नुहोस्।

## 10 ग्रेड एकेडेमी बिजनेस/सूचना प्रविधि पाथवे वा बिजनेस प्लेसमेन्ट सुझाव

यस कार्यक्रममा भर्ना भएका विद्यार्थीहरू पनि सिन्क्लेयर कलेजमा भर्ना हुनेछन् र कलेज क्रेडिट (हरू) प्राप्त गर्न सक्छन्।

**सिन्क्लेयर कलेज करियर कन्भर्सन प्रोग्राम आवश्यकताहरूसँग साझेदारीमा, विद्यार्थीले:**

- जनवरी 31, 2024 सम्म बटलर टेकको आवेदन पूरा गर्ने
- करियर कन्भर्सन प्रोग्राम कार्यक्रममा भाग लिनका लागि योग्य हुन, विद्यार्थीहरूसँग निम्न हुनुपर्छ:
  - अनवेटेड हाइ स्कूल ग्रेड पोइन्ट एभरेज 3.0 (वा)
  - गणित र अङ्ग्रेजीमा औसतमा B सहित अनवेटेड हाइ स्कूल ग्रेड पोइन्ट एभरेज 2.75 देखि 2.99 (वा)
  - "कलेज क्रेडिट प्लस विद्यार्थी योग्यता मूल्याङ्कन परीक्षण" चार्टमा उल्लिखित सशर्त योग्यता दायरामा कम्तिमा एउटा नियुक्ति परीक्षण सब-स्कोर।
- सिन्सिनाटी राज्यमा दर्ता

लटरी स्थान नियोजन र छनोट प्रक्रियापछि स्थान नियोजनको योग्यता प्रमाणित हुन्छ। थप जानकारी र सर्तहरू स्थान नियोजनको प्रस्तावमा लागू हुन सक्छ।

कृपया Tiffany Jones, माध्यमिक शिक्षा नामाङ्कन विशेषज्ञ, jonest@butlertech.org मा आवेदन वा स्थान नियोजनको प्रक्रियाको बारेमा कुनै प्रश्न वा जिज्ञासाहरू हेर्नुहोस् वा 513-645-8332 मा कल गर्नुहोस्।